**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 08.05.2025**

## BRO Roads

राज्यका सड़क तथा पुल मन्त्री नरबहादुर दाहालले हिजो दस किलोमिटर लामो सिङताम डिक्चु सड़कको औपचारिक उद्घाटन गर्नुभयो।

सीमा सड़क संगठन बीआरओ को छ्यासठीऔं स्थापना दिवसको अवसरमा रक्षा मन्त्री राजनाथ सिंहले हिजोनै भर्चुअल रूपमा देशभरिका जम्मा पचासवटा पूर्वाधार परियोजनाहरू राष्ट्रलाई समर्पित गर्नु भएपछि औपचारिक उद्घाटन कार्यक्रम भयो। यस उपलक्ष्यमा परियोजना स्वस्तिकको मुख्य अभियन्ता मनोज गुप्ता र गान्तोक जिल्ला अध्यक्ष बलराम अधिकारी पनि उपस्थित हुनुङ्न्थ्यो। क्षेत्रीय सम्पर्क र सीमा र सीमा पूर्वाधारलाई सुदृढ़ बनाउनु यसको उदेश्य रहेको छ।

सिङतामदेखि सिरवानीसम्म जाने मार्गको चिन्ताजनक अवस्थाको कारणले यात्रीहरूले धेरै अघिदेखि समस्याको सामना गरिरहेका थिए।

यो सड़क निर्माणका लागि सीमा सड़क संगठनप्रति कृतज्ञता प्रकट गर्दै मन्त्री श्री दाहालले यो मार्गको महत्वबारे प्रकाश पार्नुभयो। उहाँले यसै महीनाभित्रमा उत्तर सिक्किममा तीनवटा पुलहरूको उद्घाटन गरिने घोषणा पनि गर्नुभएको छ।

**Traffic movement**

यसैबीच सड़क तथा पुल विभागले मल्ली मानपुर सड़कको आप खोलामा पक्का पुल निर्माण गर्ने भएकोले मल्ली मानपुर मार्गमा भोलिदेखि आँउदो आइतवार एघार मईसम्म समय समयमा वाहनहरूलाई ओहोर दिहोर गर्न दिइनेछैन।

प्राप्त रिपोर्ट अनुसार यो मार्ग बिहान नौ देखि दस बजीसम्म मद्यान्ह बाह्रदेखि एक बजीसम्म र अपरान्ह तीनदेखि चारबजीसम्म बन्द रहनेछ भने विहान दसदेखि मध्यान्ह बाह्र बजीसम्म र एक बजीदेखि दिउँसो तीन बजीसम्म खुल्ला हुनेछ।

## Agriculture Kharit Campaign

कृषि खरीफ अभियान 2025 माथि राष्ट्रिय सम्मेलन आज नयाँ दिल्लीमा आयोजन गरियो।

यसमा सिक्किमका कृषि पशुपालन तथा पशुचिकित्सा सेवा विभागका मन्त्री पुरण कुमार गुरूङ सहभागी हुनुभयो।

केन्द्रीय कृषि तथा कृषक कल्याण मन्त्रालयद्वारा आयोजित सम्मेलनमा कृषि उत्पादनशीलता बढ़ाउने रणनीति र आँउदो खरीफ यामका लागि तयारीमाथि जोड़ दिइयो।

यसमा देशभरिका कृषिसित सम्बन्धित व्यक्तिहरूले दिगो कृषिका लागि नीति रूपरेखा असल अभ्यास र तकनिकी विकासबारे चर्चा गरे।

## Kuju Festival

सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठको अवसरमा अहिले राज्यभरि विभिन्न कार्यक्रमहरू आयोजन भइरहेछन्।

यसको एक भागको रूपमा अहिले गान्तोकमा कुजु सांस्कृतिक महोत्सव आयोजित गरिँदैछ। गत पहिलो मईदेखि शुरू भएको दस दिने लामो कार्यक्रम अनत्रगत आज मनन केन्द्रमा सिक्किम साहित्य उत्सवको आयोजना गरियो।

प्रमुख रूपले लोकसभा सदस्य डा इन्द्रहाङ सुब्बा र मन्त्री जी टी ढुंगेल उपस्थित रहनु भएको क्रार्यक्रममा आज राज्य केन्द्रीय पुस्तकालयको डिजिटल पुस्तकालयको उद्घाटन पनि गरियो।

उत्सवबारे बोल्दै मन्त्री जी टी ढुंगेल भन्नुहुन्छ।

### Minister visit

समाज कल्याण अनि महिला, शिशु, वरिष्ठ नागररिक तथा दिव्याङ्गजन कल्याण विभागका मन्त्री एवम् लाचेन मंगन समष्टिका विधायक साम्डुप लेप्चाले आज चुङथाङ बजार, चुङथाङ फुपू मैदन, रिक्जिंग छोलिङ गुम्पा र आनी  गुम्पाको भ्रमण गर्नुभयो।

क्षेत्रमा भइरहेका गतिविधाहरू र विकास परियोजनाहरूका प्रगतिको लेखाजोखा गर्नु भ्रमण कार्यक्रमको उदेश्य थियो।

मन्क्षीसे परियोजनाहरूको सफल कार्यान्वयन सुनिश्चित गर्ने र क्षेत्रका मानिसहरूको आवश्यकता पूरा गर्ने आफ्नो प्रतिवद्धता व्यक्त गर्नुभयो। श्री लेप्चासित जिल्ला पञ्चायत सदस्यहरू, चुङथाङ ग्राम पञ्चायत इकाइका प्रतिनिधिहरू र सम्वन्धित विभागका अधिकृतहरू पनि गएका थिए।

### Minister meets Governor

राज्यका धर्म विषयक मन्त्री सोनाम लामाले आज राजभवनमा राज्यपाल ओमप्रकाश माथुरसित शिष्टाचार भेट गर्नुभयो।

भेटघाटका बेला मन्त्रीले राज्यपाललाई सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठको उपलक्ष्यमा राज्यमा सञ्चालित विभिन्न कार्यक्रमहरूबारे जानकारी दिनुभयो।

## Awareness Programme

केन्द्रीय सञ्चार ब्यूरो र पत्र सूचना कार्यालय गान्तोकको तत्वावधानमा गान्तोकको पी एम श्री टाशी नाम्गेल उच्चतर माध्यमिक विद्यालयमा आज विकसित भारत @ 2027 सम्बन्धमा एउटा जागरूकता कार्यक्रम आयोजित भयो।

यसमा बोल्दै दूरदर्शन केन्द्र गान्तोकका अधिकारी लेण्डुप भुटियाले विकसित राष्ट्र निर्माणमा युवाहरूको भूमिका महत्वपूर्ण रहने कुरो बताउनुभयो र भन्नुभयो यसका लागि उनीहरू शारीरिक र मानसिक रूपमा स्वस्थ हुनुपर्छ, यस अवसरमा विरूवारोपन कार्यक्रम पनि भयो।

एक पेड़ माँ के नाम, स्वच्छता ही सेवा र फिट इण्डिया विषयमाथि आयोजन गरिएको प्रश्नोत्तर प्रतियोगितामा धेरै संख्यामा विद्यार्थीहरू सहभागी भए।

## Weather

राज्यमा आज धेरै समयपछि आकाश खुल्ला रहेर दिनभरि लागेको हुँदै मानिसहरूले हलुका गर्मीको अनुभव गरे।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेका चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान चौबिस डिग्री सेल्सियस र न्यूनतम तापमान चौध दशमलउ तीन मिलिमिटर रेकार्ड गरियो।